**नेपाल स्टक एक्सचेन्ज लिमिटेड**

**सिंहदरबार प्लाजा, काठमाण्डौं ।**

## मिति २०६७/५/११ गते शुक्रवार देखि २०६७/५/१७ गते बिहिबार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा १०० कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ३६६१ कारोबारबाट १० करोड २३ लाख १४ हजार रुपैयाँ बराबरका ३ लाख ३ हजार १ सय ७३ कित्ता शेयरहरु खरीद विक्री भएका छन् । गत साता ९१ कम्पनीहरुको कारोबार भएको थियो, जसअनुसार २५३९ कारोबारबाट ८ करोड ६५ लाख ५७ हजार रुपैयाँ बराबरका २ लाख १० हजार ५ सय ३३ कित्ता शेयरहरु खरीद बिक्री भएका थिए । कारोबार रकममा गत साताको तुलनामा १८.२० प्रतिशतले वृद्धि भएको हो । कूल कारोबार मध्ये 'क' वर्गका कम्पनीहरुको मात्र ५ करोड ४० लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ५२.७८ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ८.४७ अंकले ह्रास भई अन्तिम दिन ४२०.४६ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बिमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ३९३.७९ | ४४५.५४ | ४००.०० | ५२६.३८ | ७०९.९६ | २८७.२२ | ४८६.९० | ३८४.५० | ४३१.२६ | ४२८.९३ | १०४.५४ | ३९.०९ |
| दोस्रो | ३९१.०० | ४४५.५४ | ४००.०० | ५२९.९१ | ७०८.९७ | २८७.२२ | ४८६.५५ | ३८२.०९ | ४२१.५६ | ४२६.७४ | १०४.२० | ३८.९३ |
| तेस्रो | ३८५.२७ | ४४५.५४ | ३९८.२६ | ५२२.८६ | ७०२.५४ | २८२.०८ | ४८५.१८ | ३८०.९९ | ४१२.११ | ४२१.१६ | १०२.९७ | ३८.४६ |
| चौथो | ३८५.६० | ४४५.५४ | ४०१.७३ | ५२२.८६ | ७०३.०७ | २८२.०८ | ४८१.७६ | ३८०.१९ | ४०७.९० | ४२०.४६ | १०२.८६ | ३८.४६ |
| परिवर्तन | **-८.१९** | **०.००** | **१.७४** | **-३.५२** | **-६.८९** | **-५.१४** | **-५.१४** | **-४.३१** | **-२३.३६** | **-८.४७** | **-१.६८** | **-०.६३** |

'क' वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा १.६८ अंकले ह्रास भई १०२.८६ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (१ करोड १७ लाख रुपैयाँ) को आधारमा स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल, शेयर संख्या (४७ हजार ) कित्ताको आधारमा आइ.सी.एफ.सी. फाइनान्स र कारोवार संख्या (५३२ वटा) को आधारमा प्राइम लाइफ इन्स्योरेन्स कम्पनी अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| **क्रम संख्या** | **कम्पनीको नाम** | **कारोबार रकम (रु. दशलाखमा)** |
|---|---|---|
| १ | स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल | ११.७३ |
| २ | एभरेष्ट बैंक | ८.६६ |
| ३ | बैंक अफ काठमाण्डू | ८.४८ |
| ४ | आइ.सी.एफ.सी. फाइनान्स | ५.५४ |
| ५ | नविल बैंक | ४.३१ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ४ दिन खुला रह्यो । यस साता पनि ऋणपत्रतर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।